# प्रेस विज्ञप्ति

आज २०८० वैशाख २७ मा नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय सचिवालयको ६० औँ बैठक पार्टी अध्यक्ष कमरेड माधवकुमार नेपालको अध्यक्षतामा बस्यो । आजको बैठकले नक्कली भुटानी शरणार्थी काण्डका सम्बन्धमा हाम्रो पार्टीको धारणा यस प्रकार स्पष्ट गरेको छ :-

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर विदेश पठाउने गिरोहमाथि सरकारले कार्यवाहीको प्रक्रिया शुरु गरेको छ । अहिले त्यस काण्डका एकपछि अर्को रहस्य सतहमा आउँदै छन् । उच्च तहका राजनीतिक र प्रशासनिक अधिकारीहरु यसको घेरामा पर्दै गएका छन् । घटनाको प्रकृतिले यो आर्थिक अनियमिता मात्रै नभएर मानव तस्करी र देशघातीसमेत हो भन्ने छर्लङ्ग छ ।

छानबिनको दायरा बढ्दै जाँदा यस काण्डको अनुसन्धानलाई नाजायज प्रभाव पार्ने 'दौडधुप' पनि भैरहेको कुरा बाहिएको छ । भ्रष्टाचारका विरुद्ध र सुशासनको पक्षमा प्रभावकारी कानूनी तथा प्रशासनिक कार्यवाही नहुँदा लोकतन्त्र र न्याय कमजोर हुँदै जान्छन् । विगतमा यस्ता कैयन् घटनाहरु स्थार्थ समूहका दबाबका कारणले ढाकछोप भएका छन् । तसर्थ, कुनै पनि शक्तिले कुनै पनि बहानामा पार्ने कुनै पनि दबाब वा प्रभावबाट यो काण्डको अनुसन्धान र कार्यवाही प्रक्रिया कमजोर हुन नजाओस् र सबै दोषीहरुमाथि कार्यवाही गर्न सरकार दृढतापूर्वक अघि बढोस् भन्ने कुरामा हाम्रो पार्टी जोड दिन्छ । दबाइएका अन्य घटनाहरुमा पनि यसैगरी छानबिन अगाडि बढाउनसमेत हाम्रो पार्टी माग गर्छ ।

साथै, आम जनसमुदाय, राजनीतिक दल, समाजिक सङ्घ संस्था तथा सञ्चार माध्यमहरुलाई समेत यसको अनुसन्धान र कार्यवाही प्रक्रियालाई सतर्कतापूर्वक हेर्न र निष्पक्ष अनुसन्धान र पारदर्शी कानूनी कार्यबाहीका लागि आवश्यक दबाब सिर्जना गर्न आह्वान गर्दछ । र यस काण्डका विरुद्ध उभिन र क्रियाशील हुन हाम्रो पार्टी पङ्ति तथा जनसङ्गठनहरुलाई आह्वान गर्दछ ।

.................................
घनश्याम भुसाल
महासचिव